# पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय सेयरधनी महानुभावहरु,**

मुक्तिनाथ विकास बैंक लि.को सञ्चालक समितिको मिति २०७८ मंसिर ३ गते बसेको २६१ औं बैठकको निर्णय अनुसार यस विकास बैंकको पन्ध्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि, यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७८ मंसिर २५ गते, शनिवार (तदनुसार डिसेम्बर ११, २०२१)

**समय** : बिहान ९:०० बजे ।

**स्थान** : होटल जल महल, घारीपाटन, पोखरा, कास्की ।

**छलफलका विषयहरु :**

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७७/७८ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) को ०.९२५ प्रतिशतले हुने रकम रु.४,४५,०६,८४४.९३ (अक्षरेपी चार करोड पैतालिस लाख छ हजार आठ सय चवालिस रुपैयाँ त्रीयानब्बे पैसा मात्र) नगद लाभांश (बोनस सेयर र नगद लाभांशको कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्तावहरु :**

१. यस विकास बैंकको अधिकृत पूँजी रु. ८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब मात्र) पुऱ्याउने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) को १७.५७५ प्रतिशतका दरले हुन आउने रकम रु. ८४,५६,३०,०५३.६६ (अक्षरेपी चौरासी करोड छपन्न लाख तीस हजार त्रीपन्न रुपैयाँ छैसठ्ठी पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

३. विकास बैंकको चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) बाट १७.५७५ प्रतिशतले हुन आउने रकम रु. ८४,५६,३०,०५३.६६ (अक्षरेपी चौरासी करोड छपन्न लाख तीस हजार त्रिपन्न रुपैयाँ छैसठ्ठी पैसा मात्र) बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसट्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

४. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने ।

५. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

६. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

७. विविध :

**द्रष्टव्य:** पन्ध्रौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०७८ मंसीर १५ गते देखि २०७८ मंसीर २५, गते सम्म यस विकास बैंकको सेयर दाखिल खारेज बन्द (Book Closed) हुने व्यहोरा सेयरधनी महानुभावहरुलाई जानकारी गराइन्छ ।

सञ्चालक समितिको आज्ञाले

**डण्डपानी ढकाल**

(कम्पनी सचिव)

नोट : वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीको लागि मिति २०७८ मंसिर ०४ गतेको नागरिक राष्ट्रिय दैनिक हेर्नुहुन अनुरोध छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**

3x28